**July 10th, 2025** **Thursday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

१. सर्वोच्च अदालतद्वारा बिहारमा मतदाता सूचीको विशेष गहन संशोधन जारी राख्न निर्वाचन आयोगलाई अनुमति
२. विकसित भारतको लक्ष्य हासिल गर्न विश्वविद्यालयहरूले महत्त्वपूर्ण भूमिका खेल्ने केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको धारणा
३. गृहमन्त्री अमित शाहको अध्यक्षतामा पूर्वी क्षेत्रीय परिषद्को २७ औं बैठक आज रांचीमा सुरु
४. अनि क्रिकेटमा, भारत र इङ्गल्याण्ड बीचको पाँच खेलको एन्डरसन-तेंडुलकर ट्रफी शृङ्खलाको तेस्रो टेस्ट खेल आज दिउँसोदेखि लर्ड्समा खेलिँदै

**अब समाचार विस्तारमा**

1. Supreme Court-Bihar-Election Commission

सर्वोच्च अदालतले बिहारमा मतदाता सूचीको विशेष गहन संशोधन जारी राख्न निर्वाचन आयोगलाई अनुमति दिएको छ। अदालतले निर्वाचन आयोगलाई जारी संशोधन प्रक्रियाको क्रममा आधार कार्ड, रासन कार्ड र मतदाता परिचयपत्र जस्ता मुख्य परिचयपत्रहरू स्वीकार गर्ने बारेमा विचार गर्नुपर्ने राय दिएको छ। अदालतले बिहारमा निर्वाचन आयोगले गरिरहेको मतदाता सूचीको संशोधन संविधानको दायरा भित्र रहेको बताएको छ। तर अदालतले विशेष गहन संशोधन कार्यको समयमाथि प्रश्न उठाएको छ। अदालतले संशोधन कार्य बिहार विधानसभा चुनावको लागि मात्र किन भइरहेको छ र यो सम्पूर्ण देशमा किन लागू गर्न सकिँदैन भनेर प्रश्न गरेको छ। सर्वोच्च अदालतले भनेको छ, यदि निर्वाचन आयोगले नागरिकता जाँच गर्नु थियो भने यो काम पहिले नै गर्नुपर्थ्यो।

2. Centre-Flood Assistance

केन्द्र सरकारले बाढी र पहिरोबाट प्रभावित असम, मणिपुर, मेघालय, मिजोरम, केरला र उत्तराखण्डका लागि एक हजार ६६ करोड रुपैयाँभन्दा बढी रकम स्वीकृत गरेको छ। गृह मन्त्रालयका अनुसार, असमका लागि ३७५ करोड, मणिपुरका लागि २९ करोड, मेघालयका लागि ३० करोड, मिजोरमका लागि २२ करोड, केरलाका लागि १५३ करोड र उत्तराखण्डका लागि ४५५ करोड रुपैयाँभन्दा बढी रकम स्वीकृत गरिएको छ। यस वर्ष, केन्द्र सरकारले राज्य विपद् राहत कोषबाट १४ राज्यलाई ६ हजार १६६ करोड रुपैयाँभन्दा बढी र राष्ट्रिय विपद् न्यूनीकरण कोषबाट १२ राज्यका लागि १ हजार ९८८ करोड रुपैयाँभन्दा बढी रकम स्वीकृत गरेको छ। यसबाहेक, राज्य विपद् न्यूनीकरण कोषबाट पाँच राज्यका लागि ७२६ करोड रुपैयाँभन्दा बढी रकम स्वीकृत गरिएको छ। हाल मनसुनको समयमा, उद्धार र राहत कार्यका लागि २१ राज्य र केन्द्र शासित प्रदेशहरूमा एनडीआरएफका १०४ टोलीहरू तैनाथ छन्।

3. Vice Chancellors - Conference

केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानले विकसित भारतको लक्ष्य हासिल गर्न विश्वविद्यालयहरूले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभएको छ। आज गुजरातको नर्मदाको केवडियामा केन्द्रीय विश्वविद्यालयहरूका उपकुलपतिहरूको दुई दिने सम्मेलनको उद्घाटन गर्दै श्री प्रधानले विगत एक दशकमा देशको उच्च शिक्षा संरचनामा ठूलो परिवर्तन आएको बताउनुभयो। राष्ट्रिय शिक्षा नीति-२०२० को कार्यान्वयनलाई अझ गतिशील बनाउने उद्देश्यले शिक्षा मन्त्रालयले यो सम्मेलन आयोजना गरेको हो।

4. Nirmala - NBFC

वित्तमन्त्री निर्मला सीतारमणले गैर-बैंकिङ वित्तीय कम्पनीहरूको ऋण असुली प्रक्रिया निष्पक्ष, सहानुभूतिपूर्ण र सम्मानजनक हुनुपर्छ भन्नुभएको छ। उहाँले यो रिजर्भ बैंकको निष्पक्ष प्रक्रिया संहिता अनुसार हुनुपर्ने बताउनुभएको छ। वित्तमन्त्रीले नयाँ दिल्लीमा एक सेमिनारलाई सम्बोधन गर्दै यो कुरा बताउनुभएको हो। श्रीमती सीतारमणले वित्तीय समावेशीकरणको आडमा वित्तीय शोषण गर्नु हुँदैन भन्नुभयो। वित्तमन्त्रीले गैर-बैंकिङ वित्तीय कम्पनीहरूले प्रशासन, जोखिम व्यवस्थापन र ग्राहक सुरक्षालाई आफ्नो मुख्य सिद्धान्त र नैतिक ढाँचाको महत्त्वपूर्ण भाग बनाउन आवश्यक रहेको बताउनुभयो।

5. BJP - PM

भारतीय जनता पार्टीले प्रधानमन्त्रीको घाना, त्रिनिदाद र टोबागो, अर्जेन्टिना, ब्राजिल र नामिबियाको पाँच राष्ट्रको भ्रमणलाई अत्यन्त सफल मान्दै भारतले महत्वपूर्ण उपलब्धि हासिल गरेको बताएको छ। नयाँ दिल्लीमा सञ्चारकर्मीहरूलाई सम्बोधन गर्दै पार्टी प्रवक्ता सुधांशु त्रिवेदीले ब्रिक्स शिखर सम्मेलनको क्रममा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रधानमन्त्रीले आतंकवादको मुद्दामा विश्वव्यापी समर्थन प्राप्त गरेको बताउनुभयो। उहाँले थप भन्नुभयो

6. Amit Shah – EZC Meeting

गृहमन्त्री अमित शाहको अध्यक्षतामा पूर्वी क्षेत्रीय परिषद्को २७ औं बैठक आज रांचीमा सुरु भयो। बैठकको उद्देश्य देशका पूर्वी भागहरू - झारखण्ड, बिहार, ओडिशा र पश्चिम बंगालमा केन्द्र सरकारको विकास कार्यक्रमहरूको बारेमा छलफल गर्नु हो। हाम्रा संवाददाताका अनुसार बैठकमा झारखण्ड, ओडिशा र पश्चिम बंगालका मुख्यमन्त्रीहरू, उपमुख्यमन्त्रीहरू र मन्त्रीहरू सामेल छन्। यस बैठकमा, केन्द्र सरकारले पूर्वी क्षेत्रका राज्यहरूको विकासको लागि मार्गचित्र तयार गर्नेछ।

बैठकमा बीस भन्दा बढी एजेन्डाहरू विचार गर्नुका साथै अघिल्लो बैठकका मुद्दाहरू पनि छलफल गरिनेछ। अन्तर-राज्य मुद्दाहरूको समाधान खोज्ने प्रयास पनि गरिनेछ।

7. ED – Money Laundering

प्रवर्तन निर्देशनालयले २९ कलाकार, प्रभावकारी युट्युबरहरू विरुद्ध अवैध जुवा प्रचार गरेको आरोपमा मुद्दा दर्ता गरेको छ। सार्वजनिक जुवा रोकथाम ऐन उल्लङ्घन गरेकोमा यस्तो कारबाही गरेको हो। तेलंगाना र आन्ध्र प्रदेशमा दर्ता भएका पाँच प्राथमिकीको आधारमा अनुसन्धान सुरु गरिएको हो।

8. Gujarat – Gambhira Bridge

गुजरातको बडोदरा जिल्लामा पुल भत्किँदा मृत्यु हुनेको संख्या १५ पुगेको छ। हिजो पद्रा शहर नजिकैको गम्भीरा गाउँमा चार दशक पुरानो पुलको एक भाग महिसागर नदीमा खस्दा धेरै सवारी साधन डुबेका थिए। उद्धार कार्य अझै जारी छ।

9. IMD Updates

मौसम विभागले आगामी दुई दिन मध्य प्रदेश, छत्तीसगढ र विदर्भमा भारी वर्षाको लागि अरेन्ज अलर्ट जारी गरेको छ। आकाशवाणी समाचारसँगको विशेष कुराकानीमा, वरिष्ठ मौसम विभाग वैज्ञानिक आरके जेनामानीले आगामी दुई दिन पञ्जाब, हरियाणा, हिमाचल प्रदेश, उत्तर प्रदेश र जम्मू कश्मीर लगायत देशका उत्तर-पश्चिमी भागहरूमा मुसलधारे वर्षा जारी रहने बताउनुभयो ।

10.Texas – Flood

अमेरिकाको टेक्सासमा बाढीका कारण मृत्यु हुनेको संख्या १२० पुगेको छ। केर काउन्टीमा अझै पनि करिब १५० जना बेपत्ता छन्। खोज तथा उद्धार कार्य जारी छ।

11.Amarnath Yatra

जम्मूको भगवती नगर आधार शिविरबाट ७३०० भन्दा बढी तीर्थयात्रीहरूको समूह अमरनाथ गुफाको लागि कश्मीर उपत्यका प्रस्थान गरेको छ। यसैबीच, हिजो करिब १७ हजार तीर्थयात्रीहरूले दक्षिण कश्मीर हिमालयमा अवस्थित अमरनाथ गुफाको दर्शन गरे।

12.Sports News

अब खेल प्रसंगः भारत र इङ्ल्यान्डबीचको एन्डरसन-तेन्डुलकर क्रिकेट टेस्ट म्याच शृंखलाको तेस्रो खेल आजदेखि लर्ड्समा खेलिँदै छ। यो खेल भारतीय समय अनुसार दिउँसो साढे तीन बजे सुरु भयो। विम्बल्डन टेनिसको पुरुष एकलतर्फ नोभाक जोकोभिच फ्लाभियो कोबोलीलाई हराउँदै सेमिफाइनलमा पुगेका छन्।

**अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

१. सर्वोच्च अदालतद्वारा बिहारमा मतदाता सूचीको विशेष गहन संशोधन जारी राख्न निर्वाचन आयोगलाई अनुमति
२. विकसित भारतको लक्ष्य हासिल गर्न विश्वविद्यालयहरूले महत्त्वपूर्ण भूमिका खेल्ने केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधानको धारणा
३. गृहमन्त्री अमित शाहको अध्यक्षतामा पूर्वी क्षेत्रीय परिषद्को २७ औं बैठक आज रांचीमा सुरु
४.  अनि क्रिकेटमा, भारत र इङ्गल्याण्ड बीचको पाँच खेलको एन्डरसन-तेंडुलकर ट्रफी शृङ्खलाको तेस्रो टेस्ट खेल आज दिउँसोदेखि लर्ड्समा खेलिँदै